आकाशवाणी

National News Bulletin   June 13, 2024

प्रमुख समाचार:

- प्रधानमन्त्री आज जी-7 शिखर सम्मेलनमा भाग लिन इटाली जाँदै हुनुहुन्छ
- जम्मू-काश्मीरसम्बन्धी चीन र पाकिस्तानको संयुक्त वक्तव्यलाई भारतद्वारा ठाडै अस्वीकार
- आगामी 5 वर्षमा देशको रक्षा निर्यात 50 हजार करोड रूपियाँ पुऱ्याइने रक्षामन्त्रीको भनाइ
- नीट परीक्षाको विषयमा सर्वोच्च अदालतको निगरानीमा निष्पक्ष छानबीन गर्नुपर्ने कांग्रेसको माग
- नीट परीक्षामा पूरक अंक पाएका सबै परीक्षार्थीको पुनः परीक्षा जून 23 मा हुने तय

अब समाचार विस्तारमा

PM-Italy Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी G-7 शिखर सम्मेलनमा भाग लिन आज इटाली जाँदै हुनुहुन्छ। विदेश सचिव श्री विनय क्वात्राले दिएको जानकारीअनुसार, शुक्रबार हुने सम्मेलनमा भारतलाई आउटरिच देशका रूपमा आमन्त्रित गरिएको हो। उहाँले यो भ्रमणमा भारतलाई वैश्विक दक्षीणका लागि महत्त्वपूर्ण मुद्दाहरूमा हुने सम्मेलनमा विश्व नेताहरूसँग कुराकानी गर्ने अवसर मिल्ने बताउनुभयो। यो शिखर सम्मेलनमा भारतको ११ औँ र श्री मोदीको लगातार पाँचौं सहभागिता हुनेछ। शिखर सम्मेलनभन्दा भिन्नै, श्री मोदीले G-7 देशका नेताहरूसँग द्विपक्षीय बैठक गर्नुहुने सम्भावना छ। श्री मोदीले इटालीका प्रधानमन्त्री श्री जर्जिया मेलोनीसँग पनि भेट गर्नुहुनेछ।

Foreign Ministry Anwers on Jammu-Kashmir

जून ७ मा चीन र पाकिस्तानले जम्मू-कश्मीरको सन्दर्भमा जारी गरेको संयुक्त वक्तव्यलाई भारतले ठाडै अस्वीकार गरेको छ। सञ्चारमाध्यमका प्रश्नहरूको जवाफ दिँदै, विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले जम्मू-कश्मीर र लद्दाख भारतको अभिन्न र अविभाज्य अङ्ग थिए, अझै पनि छन् र रहनेछन् भनी ठोकुवा गर्नुभयो। उहाँले यस विषयमा अन्य कुनै देशलाई टिप्पणी गर्ने अधिकार नभएको स्पष्ट पार्नुभयो।

Defence Minister

रक्षामन्त्री श्री राजनाथ सिंहले आगामी ५ वर्षमा देशको रक्षा निर्यातलाई ५० हजार करोड रुपियाँ पुऱ्याउने सरकारको लक्ष्य रहेको बताउनुभएको छ। उहाँले आज आफ्नो मन्त्रालयको जिम्मेवारी सम्हाल्दै, देशले यसअघि नै २१ हजार करोडभन्दा बढीको रक्षा उपकरण निर्यात गरिसकेको जानकारी दिनुभयो अनि सरकार बलियो र आत्मनिर्भर भारत निर्माण गर्न चाहेको र देशको सुरक्षा बलको हितलाई प्राथमिकतामा राख्ने

बताउनुभयो। श्री सिंहले मन्त्रालयको पहिलो १०० दिने कार्ययोजनाको समीक्षा बैठकको पनि अध्यक्षता गर्नुभयो, जसमा उहाँले पूर्व सैनिक कल्याण विभागसँग सम्बन्धित मुख्य मुद्दाहरूलाई सम्बोधन गर्दै पूर्व सैनिकहरूको हितमा ध्यान केन्द्रित गर्न जोड दिनुभयो।

Congress-NEET

कांग्रेसले NEET परीक्षाको विषयमा सर्वोच्च अदालतको निगरानीमा निष्पक्ष छानबिन गर्न माग गरेको छ। पार्टी अध्यक्ष श्री मल्लिलिकार्जुन खर्गेले एक सामाजिक सञ्जाल पोस्टमा NEET परीक्षामा धाँधली, पेपर लीक र भ्रष्टाचार भएको आरोप लगाउनुभयो। उहाँले छानबिन गरी दोषीलाई कडाभन्दा कडा सजाय दिनुपर्ने र विद्यार्थीको क्षति भएको समयको क्षतिपूर्ति दिनुपर्नेमा जोड दिनुभयो। श्री खर्गेले सरकारको कार्यशैलीका कारण NEET परीक्षामा सहभागी २४ लाख विद्यार्थीको भविष्य खतरामा परेको र राष्ट्रिय परीक्षा एजेन्सीलाई जिम्मेवारी हस्तान्तरण गरेर सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन नमिल्ने बताउनुभयो।

NEET-Reexam

मेडिकल प्रवेश परीक्षा, NEET-UG मा सहभागी सबै 1 हजार 563 परीक्षार्थीहरू, जसले परीक्षामा अनुग्रह वा पूरक अंक पाएका छन्, उनीहरूको पुन: परीक्षा जून 23 मा हुनेछ। राष्ट्रिय परीक्ष ा एजेन्सी-एन.टी.ए-ले आज एक अधिसूचना जारी गर्दै, शीघ्र ै सार्वजनिक सूचना जारी गर्ने र आधिकारिक सूचना प्राप्त भएको सुनिश्चित गर्न यी उम्मेदवारहरूलाई इमेल मार्फत सम्पर्क गर्ने जनाएको छ। एन.टी.ए-का अनुसार एजेन्सीको उच्चधिकार प्राप्त समितिको प्रतिवेदनमा सर्वोच्च अदालतको टिप्पणीको आधारमा पुनः परीक्षाको निर्णय गरिएको हो। सबै 1 हजार ५६३ विद्यार्थीलाई दिइएको अनुग्रह वा पूरक अंक फिर्ता लिइएको छ। यसबीच, केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले NEET-UG परीक्षाको प्रश्नपत्र बाहिरिएको कथित आरोपलाई अस्वीकार गर्नुभएको छ। आज श्री प्रधानले  नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै, NEET मुद्दामा सर्वोच्च अदालतको निर्णयको स्वागत गर्नुभयो। NEET परीक्षामा कथित विसङ्गति भएको आरोपमा श्री प्रधानले परीक्षामा गडबडी गर्नेलाई कारबाही गरिने बताउनुभयो। उहाँले विद्यार्थी र अभिभावकहरूलाई न्याय दिलाउन केन्द्र प्रतिबद्ध रहेको आश्वसन दिनुभयो।

UN-Refugee

संयुक्त राष्ट्र संघले आज भनेको छ, सन् २०२३ को सुरुदेखि मे २०२४ सम्म विश्वभरि करिब १२ करोड मानिस बाध्यतावश विस्थापित अवस्थामा जिइरहेका छन्। संयुक्त राष्ट्र शरणार्थी एजेन्सीले वैश्विक परिदृश्य रिपोर्टमा सन् २०२३ को अन्त्यसम्म करिब ११ करोड ७३ लाख मानिस बाध्यताले विस्थापित भएको बताएको छ। उत्पीडन, द्वन्द्व, हिंसा, मानवअधिकार उल्लङ्घन र अराजकताका कारण यी मानिसहरू विस्थापित भएका हुन् । शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त श्री फिलिप ग्रान्डीले विस्थापनको सबैभन्दा ठूलो कारण द्वन्द्व रहेको बताउनुभयो।

Union Budget Preparation

आर्थिक वर्ष २०२४-२५ को केन्द्रीय बजेट पेश गर्ने तयारी सुरु भएको छ। वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले हिजो वित्तमन्त्रीको रूपमा

पदभार ग्रहण गर्नुभयो र बजेटबारे वरिष्ठ अधिकारीहरूसँग बैठक गर्नुभयो।

CBI Postal Exam

केन्द्रीय अनुसन्धान ब्यूरो, CBI ले ओडिशा हुलाक भर्तीमा कथित प्रमाणपत्र किर्तेको सम्बन्धमा 67 भन्दा बढी ठाउँमा छापा मारेको छ। CBI ले गत महिना हुलाक विभागको उजुरीमा ओडिसामा ग्रामीण डाक सेवक परीक्षा २०२३ का ६३ उम्मेद्वार र अन्य व्यक्तिविरुद्ध मुद्दा दर्ता गरेको थियो। डाक सेवकको एक हजार तीन सय ८२ पदको भर्नाका लागि न्यूनतम योग्यता कुनै पनि मान्यता प्राप्त बोर्डबाट 10 कक्षा उत्तीर्ण हुनुपर्छ। प्रमाणिकरण प्रक्रियाको क्रममा, ओडिसा सर्कलले विभिन्न क्षेत्रका 63 व्यक्तिहरूले आफ्नो 10 कक्षाको नक्कली प्रमाणपत्रहरू पेश गरेको पाएको थियो।

Foreign Ministry Aid

भारतले पपुवा न्युगिनीको इन्गा प्रान्तमा गएको विनाशकारी पहिरोका कारण भएको क्षतिसँग जुध्न करिब १९ टन सहायता सामग्री पठाएको छ। गत महिना भारतले पपुवा न्यू गिनीका लागि १० लाख अमेरिकी डलरको सहायता प्याकेज घोषणा गरेको थियो। यो सहायता आफ्नो मञ्च प्रशान्त सगर द्वीप सहयोग संस्थान, FIPIC प्रति आफ्नो प्रतिबद्धता पूरा गर्नहेतु पठाइएको हो। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले सामाजिक सञ्जाल पोस्टमा, यस सहायता खेपमा १३ टन आपदा राहत सामग्री पठाइएको जानकारी दिनुभएको छ।

Nagpur Fire

महाराष्ट्रको नागपुर सहर नजिकै धामनामा आज दिउँसो एउटा पटाका कारखानामा विस्फोट हुँदा ६ जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्। घाइतेहरूलाई उपचारका लागि नागपुरको एक निजी अस्पतालमा भर्ना गरिएको छ।

Film Festival

मुम्बई अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, १५ देखि २१ जूनसम्म मुम्बईमा आयोजना हुनेछ। यो चलचित्र महोत्सव ‘बिली एन्ड मोलीः एन अट्टर लभ स्टोरी’ जस्ता चलचित्र प्रदर्शनका साथ सुरु हुनेछ। यो चलचित्र १५ जूनको दिन दिल्ली, कोलकाता, चेन्नई र पुणेमा एकैसाथ प्रदर्शन हुनेछ। 'बिली एण्ड मोली: एन अट्टर लभ स्टोरी' ७८ मिनेट लामो अङ्ग्रेजी फिल्म हो, जसलाई चार्ली ह्यामिल्टन जेम्सले निर्देशन गरेका हुन्। यो एक व्यक्तिको कथा हो जसले दुर्गम शेटल्याण्ड द्वीप समहूमा बस्दा मौली नामको एक जंगली पानी-बिरालोसँग अप्रत्याशित मित्रता गाँस्न पुग्छ। बिली र मोलीले प्रेमको अथाह गहिराइ अनि मानिस र प्रकृतिबीचको गहिरो सम्बन्धलाई उजागर गरेको छ।

Badminton

सिड्नीमा जारी अष्ट्रेलियन ओपन ब्याडमिन्टन च्याम्पियनसिपमा भारतीय खेलाडी आकार्षी कश्यपले महिला एकलको प्रि-क्वार्टरफाइनलमा

अष्ट्रेलियाकी काई कुइ तेओलाई २१-१६, २१-१३ ले पराजित गर्दै, क्वाटरफाइनलमा प्रवेश गरेकी छिन्। मिश्रित युगलमा सुमिथ रेड्डी र एन. सिक्की रेड्डीको भारतीय जोडीले अष्ट्रेलियाका काई चेन त्यो र काई चेन तेओलाई सोझो सेटमा पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको छ। अर्कोतर्फ मालभिका बन्सोड सातौँ वरियताकी इन्डोनेसियाकी एस्टर ट्राइ बार्डोयोसँग १७-२१, २१-२३ ले पराजित भइन्। अनुपमा उपाध्यायले पनि इन्डोनेसियाकी पुत्री कुसुमा वरदानीसँग ११-२१, १८-२१ ले पराजित भइन्। पुरुष एकलमा जापानका केन्ता निशिमोटोले भारतीय खेलाडी किरण जर्जलाई २२-२०, २१-६ ले हराए।

अन्त्यमा प्रमुख समाचार पुन एकपट:

- प्रधानमन्त्री आज जी-7 शिखर सम्मेलनमा भाग लिन इटाली जाँदै हुनुहुन्छ
- जम्मू-काश्मीरसम्बन्धी चीन र पाकिस्तानको संयुक्त वक्तव्यलाई भारतद्वारा ठाहै अस्वीकार
- आगामी 5 वर्षमा देशको रक्षा निर्यात 50 हजार करोड रूपियाँ पुर्‍याइने रक्षामन्त्रीको भनाइ
- नीट परीक्षाको विषयमा सर्वोच्च अदालतको निगरानीमा निष्पक्ष छानबीन गर्नुपर्ने कांग्रेसको माग
- नीट परीक्षामा पूरक अंक पाएका सबै परीक्षार्थीको पुनः परीक्षा जून 23 मा हुने तय